बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रदेश दुग्ध विकास बोर्ड

हेटौंडा, नेपाल

## उत्कृष्ट कृषक/सहकारी पूरस्कार सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०८०/१०/११**

## (सूचना नं. ६)

प्रदेश दुग्ध विकास बोर्ड, बागमति प्रदेश, हेटौंडाको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम "उत्कृष्ट दुग्ध उत्पादक कृषक पुरस्कार कार्यक्रम र उत्कृष्ट दुग्ध उत्पादक सहकारी पुरस्कार कार्यक्रम" सञ्चालनका लागि **"उत्कृष्ट दूध उत्पादक कृषक/सहकारी पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०"** को दफा ६ अनुसार न्यूनतम मापदण्ड पुरा गरेका ईच्छुक दूध उत्पादक कृषक एवम् दूधको कारोबार गर्ने सहकारी संस्थाहरूले तपशिल बमोजिम कागजात सहित यो सूचना प्रकाशत भएको मितिले ३० दिन भित्र (मिति २०८०/११/११) कार्यालय समयमा आइपुग्ने गरी यस बोर्ड वा जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा आवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैमा सुचित गरिन्छ । साथै रित नपुगी दर्ता भएका र वा म्याद नाघि प्राप्त हुन आएका आवेदनहरु छनौट प्रकृयामा समावेश गरिने छैन।

<u>तपसिल:</u>

<u>आवेदनका साथ संलग्न राख्नुपर्ने कागजातहरु</u>

१. रू १०।- को हुलाक टिकट टाँस गरी अनुसुचि-१ बमोजिमको निवेदनको ढाँचा
२. सहकारी संस्था/कृषक दर्ता प्रमाण पत्रको प्रतिलिपी,
३. संस्था दर्ता, प्यान, भ्याट र करचुक्ता प्रमाण पत्रको प्रतिलिपि,
४. अनुसुची -२ बमोजिमको ढाँचाको विवरण,
५. अनुसुची -३ बमोजिमको स्व-घोषणा पत्र,
६. सहकारी संस्थाको हकमा कार्यक्रममा सहभागी हुन सम्बन्धित संस्थाको निर्णयको र लेखा परिक्षणको प्रतिलिपि,
७. कृषकको हकमा पशुधन बीमा र गोठको फोटो,
८. दूध बिक्रि विवरणको प्रमाण

नोटः- थप जानकारीको लागी बोर्डको फोन नं. ०५७-५९०४९१ ०५७-५९०५९१, मा सम्पर्क राख्नु हुन र वेभसाईट pddb.bagamati.gov.np बाट उत्कृष्ट दूध उत्पादक कृषक/सहकारी पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० डाउनलोड गरी विस्तृत जानकारी लिन सकिने छ।

Gyawali
डा. सजिता ज्ञवाली
नि. निर्देशक